त्रिभुवन विश्वविद्यालय
# त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय
कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.: ८८ ६१ ०८२/०८३

चैत ११, २०८२

श्री अनुसन्धान निर्देशनालय,
त्रिभुवन विश्वविद्यालय,
कीर्तिपुर।

विषय : निर्णय पठाईएको बारे।

त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को २०८२ फागुन २६ गतेको बैठकको निर्णय नं.३६७ त्यस महाशाखा/कार्यालय/निर्देशनालयसँग सम्बन्धित भएकोले आवश्यक कार्यार्थ पठाइएको बेहोरा अनुरोध गर्दछु। सम्बन्धित फाइल संलग्न छ/छैन।

नबिन्द्र प्रसाद भण्डारी
प्रमुख

निर्णय नं .३६७
त्रिभुवन विश्वविद्यालय अनुसन्धान निर्देशनालयको प.सं.फा.च.नं.२०८०/०८२/०८३ मिति २०८२/०६/०२ को पत्र र सो पत्रमा संलग्न त्रिभुवन विश्वविद्यालय अनुसन्धान आचरण समीक्षा कार्यविधि २०७८ (संशोधन २०८२) सम्वन्धमा छलफल हुँदा त्रिभुवन विश्वविद्यालय अनुसन्धान आचरण समीक्षा कार्यविधि २०७८ खारेज गरी संलग्न त्रिभुवन विश्वविद्यालय अनुसन्धान आचरण समीक्षा कार्यविधि २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

क्रमश ...........

प.सं.स.का.प.च.नं.:

त्रिभुवन विश्वविद्यालय

# अनुसन्धान आचरण समीक्षा कार्यविधि २०८२

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका अध्ययन संस्थान, सङ्काय तथा अनुसन्धान केन्द्रहरूमा सञ्चालन हुने सबै प्रकारका अनुसन्धान कार्यहरूमा सहभागी हुने/गराइने मानव जाति, प्राणीहरू, पर्यावरणको रक्षा, अनुसन्धान आचरण कार्यान्वयन र यसको असल अभ्यास प्रवर्द्धन र कार्यान्वयन गर्न वैधानिक निकाय आवश्यक भएकाले त्रिभुवन विश्वविद्यालयको सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० को परिच्छेद ८ को नियम ३७ को उपनियम ६ को (ञ) मा भएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय अन्तर्गत **आचरण समीक्षा बोर्ड**/समिति गठन गरी अनुसन्धान कार्यको आचरण संस्थागत रूपमा सञ्चालन गर्न **"अनुसन्धान आचरण समीक्षा कार्यविधि २०८२"** कार्यकारी परिषद्को बैठकले स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

### १.१ संक्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधिको नाम 'अनुसन्धान आचरण समीक्षा कार्यविधि २०८२' रहेको छ ।

(ख) यो कार्यविधि कार्यकारी परिषद्ले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

### १.२ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा प्रयोग भएको :

(क) 'विश्वविद्यालय' भन्नाले त्रिभुवन विश्वविद्यालय सम्झनु पर्दछ ।

(ख) 'ऐन' भन्नाले त्रिभुवन विश्वविद्यालय ऐन २०४९ लाई सम्झनु पर्दछ ।

(ग) 'नियम' भन्नाले त्रिभुवन विश्वविद्यालयसम्बन्धी नियमहरू सम्झनु पर्दछ ।

(घ) 'कार्यकारी परिषद्' भन्नाले त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद् सम्झनु पर्दछ ।

(ङ) 'बोर्ड' भन्नाले अनुसन्धान आचरण समीक्षा बोर्ड सम्झनु पर्दछ ।

(च) 'समिति' भन्नाले सस्थागत समीक्षा समिति सम्झनु पर्दछ ।

(छ) 'अध्यक्ष' भन्नाले अनुसन्धान आचरण समीक्षा बोर्ड वा संस्थागत समीक्षा समितिका अध्यक्ष सम्झनु पर्दछ ।

(ज) 'सदस्य-सचिव' भन्नाले अनुसन्धान आचरण समीक्षा बोर्ड तथा संस्थागत समीक्षा समितिका सदस्य सचिव सम्झनु पर्दछ ।

प.सं.स.का.प.च.नं.:

(झ) 'सदस्य' भन्नाले अनुसन्धान आचरण समीक्षा बोर्ड वा संस्थागत समीक्षा समितिको सदस्य सम्झनु पर्दछ ।

(ञ) 'अनुसन्धानकर्ता' भन्नाले अनुसन्धानको कार्यमा संलग्न हुने अन्वेषक, टोली प्रमुख, सहप्रमुख, अनुसन्धान सहयोगी, प्रश्नकर्ता आदि सदस्यलाई सम्झनु पर्दछ ।

(ट) 'उत्तरदाता' भन्नाले अनुसन्धानको कार्यमा जानकारी दिने, अनुसन्धानका लागि प्रयोग गरिने प्रश्नहरूको उत्तर दिने, सहभागी हुने व्यक्ति, समूह, समुदाय र संस्थालाई समेत सम्झनु पर्दछ ।

(ठ) 'सहभागी' भन्नाले अनुसन्धानको कार्यमा जानकारी दिने, अनुसन्धानका लागि प्रयोग गरिने प्रश्नहरूको उत्तर दिने, अनुसन्धानको निर्धारित क्रियाकलापहरू, क्लिनिकल परीक्षण, शारीरिक परीक्षण, अनुसन्धानसँग सम्बन्धित परीक्षा, कार्यमुलक तथा प्रयोगात्मक अनुसन्धान कार्यक्रममा सहभागी हुने व्यक्ति, समूह, समुदाय र संस्थालाई समेत सम्झनु पर्दछ ।

(ड) 'परियोजना' भन्नाले अनुसन्धान प्रस्ताव तथा प्रोटकलमा उल्लेख भएको समग्र अनुसन्धान कार्यलाई सम्झनु पर्दछ ।

## परिच्छेद - २

## अनुसन्धान आचरण समीक्षाको सिद्धान्त तथा उद्देश्य

२.१ अनुसन्धान कार्यको समीक्षा समुदाय तथा व्यक्तिको सम्मान, स्वायत्तता, स्वतन्त्रता, गरिमा, निष्ठा, समन्याय, गोपनीयता र लाभको ख्याल गर्ने र अरूलाई हानि नगर्ने सिद्धान्तमा आधारित हुनेछ ।

### २.२ उद्देश्य

(क) अनुसन्धान कार्यमा सहभागी हुने व्यक्तिहरू तथा समुदायको शारीरिक, सामाजिक, मानसिक तथा संवेदनशील स्वास्थ्य तथा भलाइको रक्षाका साथै समग्र मानव जाति, प्राणीहरू र पर्यावरणको रक्षा गर्ने ।

(ख) विश्वविद्यालयका प्राध्यापक, विद्यार्थी तथा कर्मचारीहरूले सञ्चालन वा कार्यान्वयन गर्ने अनुसन्धानमा सहभागी गराइने समुदाय तथा व्यक्तिको व्यक्तिगत स्वतन्त्रता, जोखिम तथा अधिकारको रक्षा सम्बन्धी राज्यको कानूनलाई समेत ध्यानमा राखेर अनुसन्धान कार्य सञ्चालन वा कार्यान्वयन गर्ने गराउने ।

(ग) प्रस्तावित अनुसन्धानका जोखिम र फाइदाहरूको लेखाजोखा गरी अनुसन्धान प्रक्रियामा हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न अपनाइने उपायहरूको कार्यान्वयनलाई सुनिश्चित गरी अनुसन्धानका सम्भावित फाइदाहरूबाट अनुसन्धान कार्यलाई जायज तथा समन्यायमा आधारित गराउने ।

(घ) अनुसन्धानमा सहभागीहरूबाट प्राप्त सूचना तथा जानकारीको गोपनीयता सुनिश्चित गर्ने ।

(ङ) अनुसन्धानमा सहभागी हुने प्रत्येक व्यक्तिबाट सहभागी हुनु अघि उपयुक्त तरिकाबाट सुसूचित गर्ने, सहमति/मञ्जुरीनामा लिने कार्यको सुनिश्चितता गर्ने /गराउने ।

(च) अनुसन्धानकर्ता र अनुसन्धान नियामक संस्थाबिच सहयोगात्मक प्रक्रिया सृजना गर्ने र सहजीकरण गर्ने।

(छ) त्रिभुवन विश्वविद्यालयमा अनुसन्धान आचरण सहितको उच्चस्तरीय अनुसन्धान कार्यलाई प्रवर्द्धन गर्न सहजीकरण गर्ने ।

## परिच्छेद - ३

## अनुसन्धान आचरण समीक्षा बोर्ड

### ३.१ अनुसन्धान आचरण समीक्षा बोर्डको गठन

विश्वविद्यालयको केन्द्रीय कार्यालयअन्तर्गत केन्द्रीय अनुसन्धान आचरण समीक्षा बोर्ड (ERB) गठन हुनेछ। लैङ्गिक समावेशिता सहित बहुविधाका विज्ञहरू समावेश गरी शिक्षाध्यक्षको सिफारिसमा कार्यकारी परिषद्ले ७ सदस्यीय बोर्ड गठन गर्नेछ । सो परिषद्ले अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ ।

(क) आचरण समीक्षा बोर्ड (ERB) को गठन देहायबमोजिम हुनेछ :

(अ) विद्यावारिधि वा सो सरहको उपाधि आर्जन गरेका स्थायी प्राध्यापक वा निवृत्त प्राध्यापकहरू मध्येबाट एक जना- अध्यक्ष

(आ) त्रि.वि. अनुसन्धान निर्देशनालयका निर्देशक- सदस्य-सचिव

(इ) त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थानका डीन वा निजले तोकेको चिकित्साशास्त्र अध्ययन संस्थानका स्थायी प्राध्यापक/सह-प्राध्यापक मध्येबाट एक जना- सदस्य

(ई) विद्यावारिधि वा सो सरहको (चिकित्साशास्त्रको हकमा एम.डी. वा सो सरहको) उपाधि आर्जन गरेका स्थायी प्राध्यापक/सह-प्राध्यापक मध्येबाट शिक्षाध्यक्षले मनोनित गरेको दुई जना सदस्य

(उ) विश्वविद्यालय बाहिरका अनुसन्धान गर्ने निकाय/संस्थाको प्रतिनिधि- सदस्य

(ऊ) स्थानीय सरकारका प्रतिनिधि, (उपप्रमुख) - सदस्य

**(ख)** आचरण समीक्षा बोर्ड (ERB) का अध्यक्ष, सदस्य-सचिव तथा सदस्यहरूको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।

### ३.२ बोर्डका अध्यक्षको योग्यता तथा छनोटका आधारहरू

(क) विद्यावारिधि उपाधि आर्जन गरेका स्थायी प्राध्यापक वा निवृत्त प्राध्यापक ।

(ख) अनुसन्धान आचरण आकर्षित हुने (जस्तै व्यक्ति, समाज, स्वास्थ्य, जनावर, वातावरण वा संवेदनशील सूचना) कम्तिमा २ वटा अनुसन्धान परियोजनाको मुख्य वा सह-अनुसन्धानकर्ता भई परियोजना सम्पन्न गरेको ।

(ग) SCImago Journal Ranking वा सो सरहको मान्यता प्राप्त जर्नलमा कम्तीमा ३ वटा लेख प्रकाशन गरेको ।

(घ) बौद्धिक चोरी (Plagiarism) को कसुर नलागेको ।

**३.३ प्राध्यापक वा सहप्राध्यापक मध्येबाट मनोनित हुने बोर्ड सदस्यको योग्यता तथा छनोटका आधारहरू**

(क) विद्यावारिधि उपाधि आर्जन गरेका स्थायी प्राध्यापक/सह-प्राध्यापक । चिकित्साशास्त्र अध्ययन संस्थानको हकमा एम.डी. वा सो सरहको योग्यता भएका स्थायी प्राध्यापक/सह-प्राध्यापक ।

(ख) अनुसन्धान आचरण आकर्षित हुने (जस्तै व्यक्ति, समाज, स्वास्थ्य, जनावर, वातावरण वा संवेदनशील सूचना) कम्तिमा १ वटा अनुसन्धान परियोजनाको मुख्य वा सह-अनुसन्धानकर्ता भई परियोजना सम्पन्न गरेको ।

(ग) SCImago Journal Ranking वा सो सरहको मान्यता प्राप्त जर्नलमा कम्तीमा २ वटा लेख प्रकाशन गरेको वा भाषासमूहको विषयका हकमा NepJol JPPS Star Rank प्राप्त जर्नलहरूमा कम्तीमा २ लेख प्रकाशन गरेको ।

(घ) बौद्धिक चोरी (Plagiarism) को कसुर नलागेको ।

(ङ) स्थानीय निकायको प्रतिनिधिमा माथिको योग्यता लागु नहुने ।

## परिच्छेद - ४

## अनुसन्धान आचरण समीक्षा बोर्डको काम तथा कर्तव्य

४.१ विश्वविद्यालयको अनुसन्धान आचरण समीक्षा सम्बन्धी नीति तथा कार्यक्रम बनाउने ।

४.२ अनुसन्धान आचरण समीक्षासम्बन्धी तालिम तथा गोष्ठी सञ्चालन गर्ने ।

४.३ अनुसन्धान प्रस्ताव/प्रोटोकलहरूको समीक्षा गरी अनुसन्धान आचरण मापदण्डहरू पुरा भएको, सहभागी जोखिमहरू नभएको वा कम भएको र जोखिमको तुलनामा फाईदाहरू अधिक भएको लेखाजोखा गर्ने ।

४.४ विश्वविद्यालय अन्तर्गतका अध्ययन संस्थान तथा सङ्कायमा सस्थागत समीक्षा समिति (Institutional Review Committee) गठन गर्न र सो सम्बन्धी कार्यक्रम सञ्चालन गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने ।

४.५ विश्वविद्यालय अन्तर्गतका अध्ययन संस्थान/सङ्कायमा गठित अनुसन्धान आचरण समितिहरूको क्षमता अभिवृद्धि गर्ने, समितिहरूका समीक्षा कार्यहरूको अनुमगन गरी आवश्यक सुझाव उपलब्ध गराउने ।

४.६ प्रस्तावित अनुसन्धान कार्यलाई स्वीकृत वा अस्वीकृत गरेको निर्णयको जानकारी अनुसन्धानकर्ता तथा अनुसन्धान गर्ने सम्बन्धित संस्थाहरूलाई लिखित रूपमा जानकारी गराउने ।

४.७ बोर्डले गरेका क्रियाकलाप जस्तै : बैठकको निर्णय पुस्तिका, निर्णयहरू, समीक्षा गरेका अनुसन्धान प्रस्ताव तथा यससँग सम्बन्धित सबै कागजात, अनुसन्धानकर्तासँग गरिएका पत्राचार, अनुसन्धान आचरणसँग सम्बन्धित तालिम तथा गोष्ठी आदिको अभिलेख चुस्त दुरुस्त राख्ने । सबै प्रकारका अभिलेख कम्तीमा ५ वर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

४.८ बोर्डले स्वीकृत गरेको अनुसन्धान परियोजनाको शिर्षक, उद्देश्य, अनुसन्धान विधि तथा प्रक्रिया, स्थान, अनुसन्धानकर्ता आदिमा सामान्य परिमार्जन भएको आवदेन प्राप्त भएमा बोर्डको बैठकमा छलफल गरी परिमार्जित अनुसन्धान परियोजना प्रोटोकल अनुमोदन गरिने छ । तर अनुसन्धान परियोजनाको शिर्षक, उद्देश्य, अनुसन्धान विधि तथा प्रक्रियामा महत्वपूर्ण परिमार्जन भएको अवस्थामा पुनः पूर्ण समीक्षा गरेपछि मात्र बोर्डले स्वीकृत वा अस्वीकृत गर्नेछ ।

४.९ बोर्ड वा समितिले अनुमोदन गरेका अनुसन्धान परियोजनाहरूले अनुसन्धान आचरण निर्देशिका तथा मापदण्ड र राज्यको ऐन नियम पालन गरे नगरेको बारेमा नियमित अनुगमन गर्ने ।

४.१० संस्थागत समीक्षा समितिहरूले स्वीकृत गरेका अनुसन्धान परियोजनाका प्रस्ताव/प्रोटोकलहरूको कार्यान्वयन प्रगति विवरण सम्वन्धित निकाय तथा व्यक्तिलाई वार्षिक रूपमा बोर्डमा पेश गर्न लगाउने र बोर्डले बैठकमा समितिको प्रतिनिधित्व गराई समीक्षा गर्ने छ ।

## परिच्छेद - ५

## बोर्डबाट स्वीकृति लिनुपर्ने अनुसन्धान प्रस्तावका प्रकार तथा आधार

५.१ प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरूले एक्लै गर्ने वा दुई वा दुईभन्दा बढी व्यक्तिहरू तथा विभागहरू/सस्थाहरू सँग सहकार्यमा हुने वा कुनै प्राध्यापक वा विभाग/सङ्काय/निकायले राष्ट्रिय

तथा अन्तर्राष्ट्रिय संघसंस्था/विश्वविद्यालयहरूसँग मिलेर गरिने सहकार्यात्मक अनुसन्धान परियोजनाका प्रस्ताव/प्रोटोकलहरू,

५.२ अनुसन्धान लागत पचासलाख रूपैंयाभन्दा बढी भएका राष्ट्रिय अनुसन्धान परियोजनाका प्रस्ताव/प्रोटोकलहरू,

५.३ त्रि.वि.अनुसन्धान निर्देशनालय अन्तर्गत संञ्चालित सबै प्रकारका अनुसन्धान परियोजनाहरू,

५.४ सरकारी वा गैर सरकारी संस्थाहरू, अन्तराष्ट्रिय संगठनहरू तथा विदेशी विश्वविद्यालयका प्राध्यापक तथा विद्यार्थीहरूबाट संवेदनशील मानव स्वास्थ्य बाहेक अन्य विषय तथा क्षेत्रमा नेपालमा गरिने अनुसन्धान परियोजना/प्राज्ञिक सोधकार्यका प्रस्तावहरू,

५.५ प्रस्तावित अनुसन्धान कार्यले व्यक्तिगत स्वतन्त्रता, जोखिम तथा अधिकारको रक्षा सम्बन्धी राज्यको कानूनलाई आत्मसाथ गरेको हुनुपर्ने छ।

## परिच्छेद - ६

## बोर्डका अध्यक्ष तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार

### ६.१. अध्यक्ष

(क) विश्वविद्यालयको अनुसन्धान नीति तथा ऐन नियम अनुसार अनुसन्धान कार्यको आचरण समीक्षा, गोष्ठी, तालिम,अनुसन्धान, सुपरिवेक्षण तथा यससँग सम्बन्धित गतिविधि सञ्चालन गर्ने गराउने।

(ख) अनुसन्धान सम्बन्धी निर्देशिका र तालिम कार्यक्रम तयार गरी लागु गर्ने।

(ग) बोर्डको बैठकको अध्यक्षता गर्ने र बैठक सञ्चालन गर्ने।

(घ) बैठकका प्रस्तावहरूमा छलफल पश्चात् प्रत्येक अनुसन्धान प्रस्तावको विषयमा निर्णय गर्न बहुमतको आधार लिने ।

(ङ) बैठक भइरहेको समयमा बैठकलाई मर्यादित बनाउन पहल गर्ने।

(च) स्वार्थ बाझिएका बिषयमा जेष्ठतम सदस्यलाई अध्यक्षता गर्न लगाई निर्णय प्रक्रियामा सहभागी नहुने ।

(छ) अनुसन्धान कार्यको समीक्षा सम्बन्धमा विशेष विषय अथवा परिस्थितिमा ३ सदस्यीय विषयगत समीक्षा उप-समिति बनाउने।

(ज) द्रुत र छुट समीक्षाको लागि प्रमुख समीक्षकको रूपमा काम गर्ने, र अनुसन्धान आचरण सिद्धान्त, राज्यको कानून र विश्वविद्यालय नीतिहरू अनुरूप द्रुत र छुट समीक्षाका लागि योग्य भएका अनुसन्धान प्रस्ताव अनुमोदन गर्ने ।

(झ) यदि स्वीकृत गरिएको अनुसन्धान कार्यले मानव सुरक्षा सम्बन्धी जोखिम तथा चिन्ता उत्पन्न गरेको जानकारी प्राप्त भएमा वा अन्य परिस्थितिहरूले त्यस्तो कार्य गर्न आवश्यक परेमा तुरुन्तै उक्त अध्ययन अनुसन्धान कार्यलाई स्थगित गरेर बोर्डलाई जानकरी गराई समीक्षा गर्ने ।

(ञ) सदस्य-सचिवमार्फत बैठक वोलाउने, मातहतका कर्मचारीहरूलाई निर्देशन तथा मार्गदर्शन दिने र कार्यालयबाट हुने सम्पूर्ण पत्राचार गर्ने गराउने ।

६.२ सदस्यहरू

(क) विश्वविद्यालयको अनुसन्धान नीति तथा ऐन नियम अनुसार अनुसन्धान कार्यको आचरण समीक्षा तथा सुपरिवेक्षण गर्ने ।

(ख) अनुसन्धान आचरण समीक्षा सम्बन्धी कार्यक्रम प्रवर्द्धन तथा गतिविधि सञ्चालन गर्न क्रियाशील हुने ।

(ग) कुनै अनुसन्धान कार्यको समीक्षकको रूपमा नियुक्ति गरिएमा उक्त कार्य समयमा पुरा गर्ने ।

(घ) अनुसन्धानसँग स्वार्थ बाझिने समीक्षा गर्ने कार्य तथा निर्णय प्रक्रियामा सहभागी नहुने ।

(ङ) आचरण समीक्षा निर्देशिका अनुसार सहमति पत्र र सहभागीहरूलाई अनुसन्धानको सम्भावित जोखिम, फाइदा तथा बेफाइदाबारे सहमति/जानकारी भए नभएको अनुगमन गर्ने ।

(च) अनुसन्धान कार्यबाट सहभागीहरूलाई कम हानी हुने गरी उनीहरूलाई अनुसन्धान कार्यमा सहभागी गर्ने मापदण्ड उपयुक्त भए नभएको सुनिश्चित गर्ने ।

(छ) समितिको बैठकमा सहभागी भई प्रस्तावित कार्यसूचीमा छलफल गर्ने र आफ्नो रायसहित निर्णयमा पुग्ने।

(ज) अनुसन्धान कार्यको समीक्षाको बैठकमा चासो वा स्वार्थ बाझिएमा आवश्यक सूचना दिएर छलफलमा भाग नलिने र निर्णायक मत दिने समयमा सभाकक्षबाट बाहिरिने ।

## परिच्छेद - ७

## संस्थागत समीक्षा समिति

### ७.१ संस्थागत समीक्षा समितिको गठन

प.सं.स.का.प.च.नं.:

त्रिभुवन विश्वविद्यालयअन्तर्गतका प्रत्येक अध्ययन संस्थान/संकायहरूमा आवश्यकताको आधारमा अनुसन्धान आचरण समीक्षा सम्बन्धी कार्य गर्नका लागि ५ (पाँच) देखी ७ (सात) सदस्यीय संस्थागत समीक्षा समिति (Institutional Review Committee) गठन हुनेछ । अध्ययन संस्थान/सङ्काय डीनको कार्यलयमा सम्बन्धित डीनले अनुसन्धान समीक्षा बोर्डको अध्यक्षको सिफारिसमा शिक्षाध्यक्षले लैङ्गिक समावेशिता सहित बहुविधा विज्ञहरू समावेश गरी समीक्षा समिति गठन गरिनेछ। अध्ययन संस्थान/सङ्काय डीनको कार्यलयमा एक जना अध्यक्ष, एक जना सदस्य-सचिव र तीन देखी पाँच जना सदस्यहरू सहितको बढीमा सात सदस्यीय **समीक्षा समिति** गठन गरिने छ। समितिको कार्यकाल ४ वर्षको हुनेछ। यो कार्यविधि लागु हुन भन्दा अगाडी विज्ञान तथा प्रविधि अध्ययन संस्थान र चिकित्साशास्त्र अध्ययन संस्थान अन्तर्गत गठन भएको संस्थागत समीक्षा समिति यही कार्यविधि बमोजिम गठन भएको मानिने छ ।

### ७.२ अध्यक्षको छनोटको योग्यता र आधार

७.२.१ समितिका अध्यक्षको योग्यता देहायबमोजिम हुनेछ :

(क) विद्यावारिधि वा सो सरहको उपाधि आर्जन गरेका (चिकित्साशास्त्र अध्ययन संस्थानको हकमा एम.डी. वा सो सरहको योग्यता भएका) स्थायी प्राध्यापक/सह-प्राध्यापक)

(ख) अनुसन्धान आचरण आकर्षित हुने (जस्तै व्यक्ति, समाज, स्वास्थ्य, जनावर, वातावरण वा संवेदनशील सूचना) कम्तिमा एकवटा अनुसन्धान परियोजनाको मूख्य वा सह-अनुसन्धानकर्ता भई परियोजना सम्पन्न गरेको ।

(ग) SCImago Journal Ranking वा सो सरह मान्यता प्राप्त जर्नलमा कम्तीमा २ वटा लेख प्रकाशन गरेको ।

(घ) बौद्धिक चोरी को कसुर नलागेको ।

### ७.३ सदस्य सचिवको छनोटको आधार योग्यता

(क) विद्यावारिधि वा सो सरहको उपाधि आर्जन गरेका (चिकित्साशास्त्र अध्ययन संस्थानको हकमा एम.डी. वा सो सरहको योग्यता भएका) स्थायी प्राध्यापक/सह-प्राध्यापक/उप-प्राध्यापक ।

त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

(ख) SCImago Journal Ranking वा सो सरहको मान्यता प्राप्त जर्नलमा कम्तीमा १ वटा लेख प्रकाशन गरेको । भाषा समूहको विषयका हकमा NepJol JPPS Star Rank प्राप्त जर्नलहरूमा कम्तीमा २ वटा लेख प्रकाशन गरेको ।

(ग) बौद्धिक चोरीको कसुर नलागेको ।

**७.४ सदस्यको छनोटको आधार योग्यता**

(क) विद्यावारिधि वा सो सरहको उपाधि आर्जन गरेका (चिकित्साशास्त्र अध्ययन संस्थानको हकमा एम.डी. वा सो सरहको योग्यता भएका) स्थायी प्राध्यापक/सह-प्राध्यापक/उप-प्राध्यापक ।

(ख) SCImago Journal Ranking वा सो सरहको मान्यता प्राप्त जर्नलमा कम्तीमा १ वटा लेख प्रकाशन गरेको ।

(ग) बौद्धिक चोरीको कसुर नलागेको ।

## परिच्छेद - ८

## संस्थागत समीक्षा समितिको काम र कर्तव्य

८.१ सम्बन्धित डीनको कार्यालयमा गठित संस्थागत समीक्षा समितिले सोही कार्यालयको मातहत तथा मातहतका विभागहरूमा सञ्चालन भएका दर्शनाचार्य, विद्यावारिधि, अनुसन्धान कार्य वा लघु अनुसन्धान तथा रु. ५०,००,०००।- (अक्षेरुपी पचास लाख मात्र) सम्मको व्यक्तिगत तथा संस्थागत अनुसन्धान र सहयोगात्मक अनुसन्धान परियोजनाका आचरण समीक्षा गरी स्वीकृति प्रदान गर्ने ।

८.२ अनुसन्धान कार्यका लागि अपनाउनु पर्ने आचरण व्यवस्था गरिए अनुसार ठिक छ भनी स्वीकृत भएका सबै अनुसन्धान कार्यहरूका आचरण समीक्षा निर्देशिका अनुसार सञ्चालन भए नभएको बारेमा अनुगमन, सुपरिवेक्षण गर्ने ।

८.३ प्रस्तावित अनुसन्धान कार्य स्वीकृत वा अस्वीकृत भएको निर्णयको जानकारी अनुसन्धानकर्ता तथा अनुसन्धान गर्ने सम्बन्धित संस्थाहरूलाई लिखित रूपमा जानकारी गराउने ।

८.४ समितिले गरेका क्रियाकलाप जस्तै : बैठकको निर्णय पुस्तिका, निर्णयहरू, समीक्षा गरेका अनुसन्धान प्रस्ताव तथा यससँग सम्बन्धित सबै कागजात, अनुसन्धानकर्तासँग गरिएका पत्राचार, अनुसन्धान आचरणसम्बन्धी तालिम आदिको अभिलेख चुस्त दुरुस्त राख्ने । सबै प्रकारका अभिलेख कम्तीमा ५ वर्षसम्म सुरक्षित राख्नु पर्दछ ।

८.५ समितिले स्वीकृत गरेको अनुसन्धान परियोजनाको शिर्षक, उद्देश्य, अनुसन्धान विधि तथा प्रक्रिया, स्थान, अनुसन्धानकर्ता आदिमा सामान्य परिमार्जन भएको आवदेन प्राप्त भएमा समितिको बैठकमा छलफल गरी परिमार्जित अनुसन्धान परियोजना प्रोटोकल अनुमोदन गर्नेछ । तर अनुसन्धान परियोजनाको शिर्षक, उद्देश्य, अनुसन्धान विधि तथा प्रक्रियामा महत्वपूर्ण परिमार्जन भएको अवस्थामा पुनः पूर्ण समीक्षा गरेपछि मात्र समितिले स्वीकृत वा अस्वीकृत गर्ने छ ।

८.६ समितिले बर्षभरी गरेको अनुसन्धान प्रस्तावहरूको समिक्षा तथा अन्य कार्यहरूको विवरण आर्थिक वर्षको अन्त्यमा अनुसन्धान आचरण समिक्षा वोर्ड मा बुझाउने ।

८.७ सबै समितिहरूले स्वीकृत गरेका अनुसन्धान परियोजनाका प्रस्तावहरू वार्षिक रूपमा बोर्डमा अनिवार्य पेस गर्ने ।

## परिच्छेद - ९

## संस्थागत समीक्षा समितिको अध्यक्ष तथा सदस्यहरूको काम र कर्तव्य

### ९.१ अध्यक्ष

(क) समितिको बैठकको अध्यक्षता गर्ने र बैठक सञ्चालन गर्ने ।

(ख) विश्वविद्यालयको अनुसन्धान नीति तथा ऐन नियमअनुसार अनुसन्धान कार्यको आचरण समीक्षा, सुपरिवेक्षण तथा यससँग सम्बन्धित गतिविधि सञ्चालन गर्ने ।

(ग) अनुसन्धान आचरण समीक्षा बोर्डको अध्यक्षसँग समन्वय गरी अनुसन्धान आचरण सम्बन्धी तालिम तथा गोष्ठी सञ्चालन गर्ने ।

(घ) बैठकका प्रस्तावहरूमा छलफल पश्चात् प्रत्येक अनुसन्धान प्रस्तावको विषयमा निर्णय गर्न बहुमतको आधार लिने ।

(ङ) बैठक भइरहेको समयमा बैठकलाई मर्यादित बनाउन पहल गर्ने ।

(च) स्वार्थ बाझिएका बिषयमा जेष्ठतम सदस्यलाई अध्यक्षता गर्न लगाई निर्णय प्रक्रियामा सहभागी नहुने ।

(छ) द्रुत र छुट समीक्षाको लागि प्रमुख समीक्षकको रूपमा काम गर्ने, र अनुसन्धान आचरण सिद्धान्त, राज्य कानून र विश्वविद्यालय नीतिहरू अनुरूप द्रुत र छुट समीक्षाका लागि योग्य भएका अनुसन्धान प्रस्ताव अनुमोदन गर्ने ।

(ज) सदस्य-सचिवमार्फत बैठक बोलाउने, मातहतका कर्मचारीहरूलाई निर्देशन तथा मार्गदर्शन दिने र कार्यालयबाट हुने सम्पूर्ण पत्राचार गर्ने गराउने ।

**९.२ सदस्यहरू**

(क) विश्वविद्यालयको अनुसन्धान नीति तथा ऐन नियम अनुसार अनुसन्धान कार्यको समीक्षा तथा सुपरिवेक्षण गर्ने ।

(ख) कुनै अनुसन्धान कार्यको समीक्षकको रूपमा नियुक्ति गरिएमा उक्त कार्य समयमा पूरा गर्ने ।

(ग) अनुसन्धानसँग स्वार्थ बाझिने भएमा अध्यक्षलाई जानकारी गराई समीक्षा गर्ने कार्य तथा निर्णय प्रक्रियामा सहभागी नहुने ।

(घ) आचरण समीक्षा निर्देशिका अनुसार सहमतिपत्र र सहभागीहरूलाई अनुसन्धानको सम्भावित जोखिम, फाइदा तथा बेफाइदाबारे जानकारी भए नभएको अनुगमन गर्ने ।

(ङ) अनुसन्धान कार्यबाट सहभागीलाई कम हानी हुने गरी उनीहरूलाई अनुसन्धान कार्यमा सहभागी बनाउने मापदण्ड उपयुक्त भए नभएको निश्चय गर्ने ।

(च) समितिको बैठकमा सहभागी भई प्रस्तावित कार्यसूचीमा छलफल गर्ने, आफ्नो राय दिने र निर्णयमा पुग्ने ।

(छ) अनुसन्धान कार्यको समीक्षाको बैठकमा चासो वा स्वार्थ बाझिएमा आवश्यक सूचना दिएर छलफलमा भाग नलिने र निर्णायक मत दिने समयमा सभाकक्षबाट बाहिरिने ।

## परिच्छेद - १०

## कार्यालयको स्थापना र सञ्चालन

१०.१ अनुसन्धान आचरण समीक्षा बोर्डको कार्यालय त्रि.वि. शिक्षाध्यक्षको कार्यालय अन्तर्गत रहनेछ ।

१०.२ आचरण समीक्षा बोर्डको दैनिक कार्य सञ्चालन गर्नका लागि आवश्यक विज्ञ, शिक्षक तथा कर्मचारी (कम्तिमा एक जना विद्यावारिधि उपाधि आर्जन गरेका स्थायी शिक्षक, एक जना विद्यावारिधि उपाधि आर्जन गरेका अनुसन्धान अधिकृत र अन्य कर्मचारी) शिक्षाध्यक्षले तोके बमोजिम हुनेछ ।

१०.३ अनुसन्धान आचरण समीक्षा संस्थागत समीक्षा समितिको कार्यालय सम्बधित संस्थान/सङ्कायको डीनको कार्यालयले तोकेको कार्य कक्ष हुनेछ ।

१०.४ संस्थागत समीक्षा समितिको दैनिक कार्य सञ्चालन गर्नका लागि आवश्यक विज्ञ, शिक्षक तथा कर्मचारी (कम्तिमा एक जना विद्यावारिधि गरेका स्थायी शिक्षक वा एक जना विद्यावारिधि गरेको अनुसन्धान अधिकृत र अन्य कर्मचारी) तथा वित्तीय स्रोतको व्यवस्थापन सम्बन्धित डीन कार्यालयले गर्नु पर्नेछ ।

१०.५ सम्बन्धित निकाय प्रमुखले अनुसन्धान आचरण समीक्षा संम्बन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यक भौतिक, मानवीय र वित्तीय स्रोत र साधनको व्यवस्थापन गर्नुपर्नेछ ।

१०.६ अनुसन्धान आचरण समीक्षा बोर्ड तथा समितिको आर्थिक कारोबार गर्नका लागि रजिष्ट्रारको स्वीकृति लिई छुट्टै खाता सञ्चालन गर्नु पर्ने छ । माथी उल्लेखित आम्दानीबाट बोर्ड तथा समितिको कार्य सञ्चालन गर्न अपुग भएको रकम तथा खर्चको व्यवस्था विश्वविद्यालयको अनुसन्धानमा विनियोजन वजेट शिर्षकबाट व्यवस्थापन गर्नु पर्ने छ ।

## परिच्छेद - ११

## अनुसन्धान आचरण समीक्षा निर्देशिका

अनुसन्धान परियोजना समीक्षा कार्यसँग सम्बन्धित क्रियाकलाप वैज्ञानिक मापदण्ड अनुसार सञ्चालन गर्नका लागि सम्बन्धित बोर्ड वा समितिले आचरण समीक्षा निर्देशिका तयार गरी अनुसन्धान आचरण समीक्षा बोर्डबाट स्वीकृत गराई लागु गर्नु पर्नेछ ।

## परिच्छेद - १२

## बोर्ड तथा समितिको बैठक

१२.१ बोर्ड वा समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक वा अवश्यकता अनुसार बस्न सक्नेछ ।

१२.२ बोर्ड वा समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बोलाउनेछ ।

१२.३ बोर्ड वा समितिको बैठक अध्यक्षको अनुपस्थितिमा बैठक बस्नु पर्ने अवस्थामा जेष्ठतम सदस्यको अध्यक्षतामा बैठक बस्न सक्नेछ ।

१२.४ बैठकमा ५० प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा गणपूरक मानिनेछ ।

१२.५ आवश्यकता अनुसार विज्ञहरूलाई आमन्त्रण गर्न सकिने छ तर आमन्त्रित सदस्यलाई निर्णायक मत दिने अधिकार रहने छैन ।

१२.६ बैठकको निणर्य सम्बन्धित निकाय वा सस्थालाई जानकारी गराइने छ ।

१२.७ अध्यक्षको अनुमतिमा बैठकको जानकारी सदस्यहरूलाई सामान्यतया तीन दिन अगाडि नै गर्नु पर्नेछ ।

## परिच्छेद - १३

## समीक्षाका प्रकार तथा प्रक्रिया

त्रिभुवन विश्वविद्यालय

# त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.:

१३.१ सबै प्रकारका अनुसन्धान कार्य सुरु हुनुभन्दा अघि अनुसन्धान प्रस्तावको समितिले समीक्षा गरी स्वीकृत गर्नु पर्दछ ।

१३.२ अनुसन्धान प्रस्तावलाई देहाय बमोजिम तीन प्रकारमा वर्गीकरण गरी समीक्षा प्रक्रिया सञ्चालन गर्नु पर्दछ ।

१३.२.१ स्थापित शैक्षिक तथा सामुदायिक संस्थामा नियमित क्रियाकलापका रूपमा सञ्चालन हुने अनुसन्धान कार्य जस्तै : विश्वविद्यालयमा नियमित रूपमा हुने अध्ययन अध्यापन कार्य, तालिम सञ्चालन, कक्षा व्यवस्थापन, खेलकुद, परीक्षा लिने तथा परामर्श दिने आदि कार्यहरूको अवलोकन तथा अभिलेखबाट तथ्याङ्क लिने वा मानिसहरूलाई सहभागी नगराई गरिने प्रयोगशाला, जीवजन्तुहरूको बानी व्यवहार तथा भौतिक वातावरणको अवलोकन जस्ता अनुसन्धान कार्यहरूको अनुसन्धान परियोजनालाई समिक्षा छुट (Exempt Review) दिन सकिनेछ । यस प्रकारका अनुसन्धान परियोजना प्रस्तावको प्रारम्भिक समीक्षा गराई प्राप्त प्रतिवेदनको आधारमा छलफल गरी अनुसन्धान आचरण समीक्षासम्बन्धी छुट दिने वा नदिन बारेमा बोर्ड वा समितिको बैठकले निर्धारण गर्ने छ ।

१३.२.२ सङ्घ सस्थाहरूले महामारी रोग फैलिएको अवस्थामा र विपद्को अवस्थामा न्यून जोखिम हुने गरी शीघ्र रूपमा गरिने अनुसन्धान प्रस्तावहरूको द्रुत समीक्षा (Expedited Review) गर्नु पर्दछ ।

१३.२.३ सीमान्तकृत तथा जोखिम समूहका मानिस तथा समुदाय जस्तै : राउटे, चेपाङ, अठार वर्ष कम उमेरका बालबालिकाहरू, बन्दीगृहमा रहेका मानिसहरू, हिंसा तथा द्वन्द्वमा परेका समुदाय, सामाजिक रूपले अत्यन्तै संवेदनशील विषयवस्तुमा गरिने अध्ययन, गैरकानुनी क्रियाकलापको बारेमा गरिने अध्ययन, समुदाय तथा व्यक्तिको शारीरिक, मानसिक, संवेगात्मक तथा सामाजिक स्वास्थ्यमा असर वा हानी गर्न सक्ने सबै प्रकारका अनुसन्धान प्रस्तावहरूको पूर्ण समीक्षा (Full Review) गर्नु पर्दछ ।

१३.३ मानव स्वास्थ्यको संवेदनशील पक्षमा गरिने अनुसन्धान कार्यको प्रस्ताव जस्तै औषधी तथा खोप ट्रायल र बहुकेन्द्र स्वास्थ्य अनुसन्धान (Multi-Center Health Research) आदिको आचरण समीक्षा नेपाल स्वास्थ्य अनुसन्धान परिषदबाट गराउनु पर्नेछ ।

१३.४ संवेदनशील विषयवस्तुमा गरिने अनुसन्धान परियोजनाको हकमा पुर्ण समीक्षा भए लगत्तै सम्बन्धित विषय विज्ञको उपस्थितिमा समीक्षा वोर्ड वा समितिको बैठकमा प्रमुख अनुसन्धानकर्ताले प्रस्तुतीकरण गर्नु पर्ने छ ।

१३.५ विदेशी विश्वविद्यालय वा विदेशी सङ्घ संस्थाहरूसँगको सहकार्यबाट गरिने रु.५०,००,००० ( पचास लाख) भन्दा बढीको अनुसन्धान प्रस्तावको समीक्षा केन्द्रीय समीक्षा बोर्ड (ERB) बाट गराउनु पर्दछ ।

## परिच्छेद - १४

## अनुसन्धान प्रस्ताव स्वीकृत गर्ने मापदण्ड तथा समीक्षकको योग्यता

१४.१ वैज्ञानिक अनुसन्धान ढाँचा, उपयुक्त विधि तथा प्रक्रिया प्रयोग गरी अनुसन्धान क्षेत्रका व्यक्ति, समूह, समुदाय, जीवजन्तु, वनस्पति, वातावरण तथा पर्यावरणमा हुन सक्ने जोखिम न्यूनीकरण गर्ने वा थप जोखिम हुन नदिने अनुसन्धान प्रस्ताव भएको हुनु पर्नेछ ।

१४.२ अनुसन्धानबाट प्राप्त अनुमानित फाइदाको तुलनामा जोखिम कम भएको हुनु पर्नेछ ।

१४.३ समन्वयात्मक र पक्षपात रहित तरिकाले अध्ययन क्षेत्र तथा नमुना छनोट गर्ने विधि उल्लेख भएको हुनु पर्नेछ ।

१४.४ अनुसन्धान तथ्याङ्क सङ्कलन गर्नुअघि सम्बन्धित निकाय, समूह तथा व्यक्तिबाट पूर्व स्वीकृति लिने वा सुसूचित गर्ने, सहमति लिने विधि तथा प्रक्रिया, लिने तरिका र प्राप्त सहमति अभिलेख राख्ने तरिका उल्लेख भएको हुनु पर्नेछ ।

१४.५ अनुसन्धान क्षेत्रमा सहभागी हुने सबै पक्षको सुरक्षा गर्ने अभिप्रायले अनुसन्धान कार्यक्रम, यसको ढाँचा, गतिविधिको अनुगमन तथा सुपरिवेक्षणको प्रावधान उल्लेख भएको हुनु पर्नेछ ।

१४.६ अनुसन्धानमा सहभागी हुने सबै पक्ष संग तथ्याङ्कहरूको गोपनीयता कायम गर्ने प्रावधानहरू उल्लेख भएको हुनु पर्नेछ ।

१४.७ अनुसंन्धान कार्यले व्यक्तिगत स्वतन्त्रता, जोखिम तथा अधिकारको रक्षा सम्बन्धी राज्यको कानूनलाई आत्मसाथ गरेको हुनुपर्ने छ ।

१४.८ समीक्षकको योग्यता **आचरण समीक्षा बोर्ड र** संथागत समीक्षा समितिले तोके बमोजिम हुने छ ।

## परिच्छेद - १५

## स्वीकृतिको प्रमाण-पत्र

अनुसन्धानकर्ताले अनुसन्धान आचरण समितिमा पेस गरेका अनुसन्धान प्रस्ताव/प्राटोकल लगायत सबै कागजातहरू ३५ दिनभित्र समीक्षा कार्य पूरा गरी अनुसन्धान कार्यलाई अनुमोदन गर्ने वा नगर्ने बारेमा निर्णय गर्नु पर्नेछ । ३५ दिनभित्र समीक्षा कार्य सम्पन्न हुन नसक्ने अवस्थामा समितिले यसको बारेमा अनुसन्धानकर्तालाई यथार्थ जानकारी दिनु पर्नेछ । अनुसन्धान प्रस्ताव/प्राटोकल समितिले अनुमोदन गर्नासाथ

सम्बन्धित संस्था र अनुसन्धानकर्तालाई स्वीकृतिको प्रमाण-पत्र प्रदान गर्नु पर्नेछ । अनुसन्धान प्रोटोकल स्वीकृत भएको प्रमाणपत्र अध्ययन अवधिसम्म मात्र बैध हुने छ ।

## परिच्छेद - १६

## अनुमोदन पछि अनुगमन

समितिले अनुमोदन गरेका अनुसन्धान कार्यका बारेमा निर्धारित प्रक्रियाको आधारमा अनुसन्धान कार्यहरूको प्रगति अनुगमन गरिने छ ।

## परिच्छेद - १७

## अनुसन्धान प्रतिवेदन तथा प्रकाशन आचरण

१७.१ अनुसन्धान नतिजाको प्रकाशन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलनमा प्रकाशन गर्दा त्रि.वि.को वा नेपाल स्वास्थ्य अनुसन्धान परिषद् वा अन्य संस्थाबाट मान्यता प्राप्त आचरण समीक्षा समितिबाट स्वीकृत भएको उल्लेख गर्नु पर्नेछ ।

१७.२ अनुसन्धान लेख प्रकाशन गर्दा अनुसन्धान कार्यमा लेखकहरूको योगदानको आधारमा क्रमबद्धता कायम गर्नु पर्नेछ ।

१७.३ अनुसन्धान प्रतिवेदन तथा अनुसन्धानमुलक लेख वैज्ञानिक विधि, प्रक्रिया यथार्थ सूचना तथा तथ्याङ्कमा आधारित हुनु पर्ने छ । अवैज्ञानिक विधि प्रक्रिया अपनाएको वा गलत सूचना र भुटा तथ्याङ्क प्रयोग गरी अपेक्षीत परिणाम प्राप्त गर्ने अभिप्राय भएको अनुसन्धानमा आधारित अनुसन्धान प्रतिवेदन तथा लेख सम्बन्धित संस्थाले स्वीकार गर्न र जर्नलमा प्रकाशन गर्न अयोग्य हुनेछ ।

१७.४ अनुसन्धान प्रतिवेदन तथा अनुसन्धानमुलक लेखहरूमा वेवसाइट तथा अरुको लेख र पुस्तकहरूबाट विना उद्धरण सार्ने, कृत्रिम बुद्धिमता (एआइ) साधन प्रयोग गरी तयार पारिएको कृत्रिम र अवास्तविक अनुसन्धान तथा अरुले गरेको कार्यलाई आफ्नो बनाउने कार्य आदि नगरी बौद्धिक चोरीबाट मुक्त भएको र लेखकत्वमा पारदर्शिता सुनिश्चत गरी प्राज्ञिक विश्वसनीयता कायम गरेको हुनु पर्नेछ ।

## परिच्छेद - १८

## आर्थिक सम्बन्धी व्यवस्था

### १८.१ आम्दानी

अनुसन्धान आचरण समितिले निम्नानुसारका स्रोतहरूबाट आर्थिक व्यवस्थापन गर्न सक्नेछ :

त्रिभुवन विश्वविद्यालय

# त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.:

क) शोधार्थी वा परियोजना प्रस्ताव पेस गर्ने संस्था तथा व्यक्तिबाट अनुसन्धान प्रस्ताव/प्रोटोकल समीक्षाको लागि प्राप्त हुने देहाय बमोजिमका शुल्कहरू ।

(अ) रू. ५,००,०००।-(पाँचलाख) भन्दा माथि बजेट भएको अनुसन्धान परियोजनाको हकमा कुल बजेट रकमको १ (एक) प्रतिशतले हुन आउने रकम ।

(आ) अनुसन्धान प्रस्ताव (रू २,००,०००।-(दुईलाख) देखि ५,००,०००।- (पाँचलाख) सम्म) रू. ४,०००।- (चारहजार)

(ई) अनुसन्धान प्रस्ताव (रू २,००,०००।-(दुईलाख) सम्म) रू. २,०००।- (दुईहजार)

(उ) लघु अनुसन्धान प्रस्तावको समीक्षा शुल्क बापत प्राप्त हुने रू. २,०००।- (दुईहजार) ।

(ऊ) विद्यावारिधि अनुसन्धान प्रस्तावको समीक्षाको लागि रू.२,०००।- (दुईहजार) ।

(ए) दर्शनाचार्य तहको अनुसन्धान प्रस्तावको समीक्षाको लागि रू.२,०००।- (दुईहजार) ।

(ऐ) स्नातक तथा स्नातकोत्तर तहको अनुसन्धान प्रस्तावको समीक्षाको लागि रू. १,५००।- (एकहजार पाँचसय) ।

ख) त्रि.वि.बाट प्राप्त रकम ।

ग) नेपाल सरकार तथा विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त अनुदान रकम।

घ) अन्य दातृ संघ संस्था/व्यक्तिबाट आर्थिक सहयोगस्वरूप प्राप्त रकम ।

## १८.२ खर्चहरू

समितिको कार्य सञ्चालन, समीक्षा, क्षमता विकास तथा बैठकहरू सञ्चालन गर्दा आवश्यक खर्चहरू त्रिविको नियमानुसार गर्नुपर्ने छ ।

क) प्रस्तावित अनुसन्धान परियोजना समीक्षाकर्तालाई प्रति प्रस्तावको रू २०००।-(अक्षरुपी दुई हजार) का दरले भुक्तानी दिइने छ ।

ख) समितिको बैठकमा सहभागी सदस्य, आमन्त्रित विज्ञ तथा कर्मचारीलाई विश्वविद्यालयको नियमानुसार बैठक भत्ता र खाजाको व्यवस्था गरिनेछ

## १८.३ लेखा र लेखापरीक्षण

कार्यक्रमको लेखा तथा लेखापरीक्षण त्रि.वि.को प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

त्रिभुवन विश्वविद्यालय
त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय
कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.:

## परिच्छेद - १९

## विविध व्यवस्था

१९.१ यस कार्यविधिको व्याख्या गर्ने तथा बाधा अड्चन फुकाउने अधिकार त्रि.वि.कार्यकारी परिषद्लाई हुनेछ ।

१९.२ **यो कायविधि बमोजिम काम गर्न आचरण समीक्षा बोर्ड र** संथागत समीक्षा समितिले निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

१९.३ त्रिभुवन विश्वविद्यालय अनुसन्धान आचरण समीक्षा कार्यविधि २०७८ खारेज गरिएको छ । उक्त कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

Tel.: 4331838, E-mail: chief.ec@tu.edu.np, info.ec@tu.edu.np, P.O.Box No. 8212